गरिन्छ ।

- बालबालिकाको उमेर र अवस्था हेरेर पोषणको आवश्यकता पहिचान गरिन्छ ।
- यस गृहमा बच्चा तथा बच्चाकी आमा वा अन्य धराले व्यक्तिलाई पनि खाना र वासको व्यवस्था गरिएको छ ।
- यस पुनर्स्थापना गृहमा दिनहुँ बच्चाको तौल लिइन्छ ।
- कुपोषित बच्चालाई राष्ट्रिय कार्यक्रमको खाना योजना अनुसार पौष्टिक गृहमा विशेषज्ञ डाक्टर, स्टाफ नर्स, अ.न.मि.द्वारा २४सै घण्टा स्याहार तथा उपचार गरिन्छ ।
- खानासँगै सरसफाइ तथा स्वास्थ्यलाई विशेष ध्यान दिइन्छ ।
- आवश्यक परेमा कुपोषित बच्चाको लागि अन्य रोगको पनि उपचार गरिन्छ ।
- बालबालिकाको लागि हरेक दिन विशेषज्ञ सेवा तथा उपचारको पनि सुविधा छ ।
- लक्षित तौल नपुगुञ्जेलसम्म यस गृहमै राखेर उपचार गरिन्छ ।
- थप खानाका साथै आमाको दुधलाई पनि प्राथमिकता दिइन्छ ।



**कोरोना संक्रमण भएमा दिनमा धेरै पटक (८-१०) मनतातो पानी पिउने ।**


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय


# प्रदेश अस्पताल


वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

इमेलः provincehospitalsurkhet@gmail.com




# पोषण पुनर्स्थापना गृह

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

# पोषण पुनर्स्थापना गृह

कर्णाली भेगका जनता रोग, भोक, गरिबी अशिक्षामा पिल्सिएको कारणले गर्दा कतिपय स-साना बालबालिका कुपोषणको शिकार हुन पुगेका छन् । यदि बालबालिका सानो उमेरमा नै कुपोषणको शिकार हुन पुगेमा उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकासमा प्रत्यक्ष अप्रत्यक्ष असर परिरहेको हुन्छ । यसकारण स-साना कुपोषित बालबालिकालाई सुपोषित बनाएर घर पठाउने व्यवस्थासहित यो संस्थाको स्थापना भएको हो । यसका साथै हेरचाह गर्ने व्यक्तिलाई उचित बालबालिका स्याहार सम्बन्धित आवश्यक स्वास्थ्य सल्लाह दिने उद्देश्यले यो संस्था वि.सं. २०६५ सालमा स्थापना गरिएको हो ।

## उद्देश्यः

- कुपोषण सम्बन्धित विश्वव्यापी लक्ष्य हासिल गराउने
- कुपोषित बच्चालाई सुपोषित बनाएर पठाउने
- आमालाई बच्चाको उचित स्याहार गर्न र पोषण सम्बन्धी जानकारी दिने ।
- कुपोषणको कारणले हुने मृत्युदर घटाउने ।




## कर्णाली भेगका सम्पूर्ण १० जिल्ला पर्दछन् :

- सुर्खेत
- जुम्ला
- दैलेख
- हुम्ला
- जाजरकोट
- कालीकोट
- सल्यान
- डोल्पा
- रुकुम (पश्चिम)
- मुगु

नेपालभरीमा जम्मा जम्मी गेरर २१ वटा पोषण पुनर्स्थापना गृह छन् । त्यसमध्ये कर्णाली प्रदेशमा मात्रै ३ वटा जिल्लामा यस संस्थाले आफ्नो कामलाई निरन्तरता दिएको छ ।

सुर्खेत : ११ बेड गृह
दैलेख : ६ बेड गृह
जुम्ला : १० बेड गृह



## उपचार तथा व्यवस्थापन

- जन्मदेखि ५ वर्ष मुनिका बालबालिकालाई प्राथमिकता दिने ।
- गम्भीरता हेरेर १५ वर्ष मुनिको बच्चालाई पनि उपचार तथा व्यवस्थापन

